धुनिवेशी नगरपालिकाको व्यवसायिक बंगुर फार्म दर्ता तथा सञ्चालन मापदण्ड, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०४।२९

प्रस्तावना

व्यवसायिक बंगुर पालनलाई व्यवस्थित, सुरक्षित, वातावरणमैत्री तथा रोगरहित बनाउन, बंगुरबाट उत्पादित पशुजन्य उत्पादनको गुणस्तर कायम गर्न, पशु स्वास्थ्य तथा कल्याणको संरक्षण गर्न, मानव स्वास्थ्यमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्न तथा वातावरणीय स्वच्छता र सामाजिक सद्भाव कायम राख्न आवश्यक भएकोले धुनिवेशी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने तथा सञ्चालनमा रहेका व्यवसायिक बंगुर फार्मको दर्ता, सञ्चालन, नियमन, अनुगमन तथा निरीक्षणलाई व्यवस्थित गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ तथा सोको नियमावली २०५६ को मर्म तथा भावना अनुरुप नियमावलीको नियम २२ (क) बमोजिम धुनिवेशी नगरपालिकाले यो **"धुनिवेशी नगरपालिकाको व्यवसायिक बंगुर फार्म दर्ता तथा सञ्चालन मापदण्ड, २०८३"** स्वीकृत गरी लागू गरिएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस मापदण्डको नाम **"धुनिवेशी नगरपालिकाको व्यवसायिक बंगुर फार्म दर्ता तथा सञ्चालन मापदण्ड, २०८३"** रहनेछ।

१.२ यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

१.३ यो मापदण्ड धुनिवेशी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने तथा सञ्चालनमा रहेका सबै व्यवसायिक बंगुर फार्ममा लागू हुनेछ।

२. उद्देश्य

यस मापदण्डका उद्देश्य देहायबमोजिम हुनेछन् :

(क) व्यवसायिक बंगुर पालनलाई व्यवस्थित तथा नियमन गर्ने,

(ख) बंगुरमा लाग्ने संक्रामक तथा महामारीजन्य रोगको जोखिम न्यूनीकरण गर्ने,

(ग) पशु स्वास्थ्य तथा पशु कल्याण सुनिश्चित गर्ने,

(घ) मानव स्वास्थ्यमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्ने,

(ङ) बंगुर फार्मबाट निस्कने मल, सोत्तर, फोहोर तथा फोहोर पानीको उचित व्यवस्थापन गर्ने,

(च) वातावरणीय प्रदूषण तथा दुर्गन्ध नियन्त्रण गर्ने,

(छ) व्यवसायिक बंगुर फार्मको जैविक सुरक्षा (Biosecurity) सुदृढ गर्ने,

(ज) व्यवसायिक बंगुर उत्पादन तथा बजार आपूर्तिलाई सुरक्षित र व्यवस्थित बनाउने, र

(झ) नगरपालिकालाई व्यवसायिक बंगुर फार्मको दर्ता, अभिलेख, अनुगमन तथा नियमनका लागि स्पष्ट आधार प्रदान गर्ने।

परिच्छेद-२
परिभाषा

३. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "नगरपालिका" भन्नाले धुनिवेशी नगरपालिका सम्झनुपर्छ।

(ख) "फार्म" भन्नाले व्यवसायिक रूपमा बंगुर पालन, प्रजनन, हुर्काउने तथा उत्पादन गर्ने उद्देश्यले प्रयोग भएको भवन, खोर, आँगन, खुला क्षेत्र तथा सम्बन्धित पूर्वाधारसहितको सम्पूर्ण परिसर सम्झनुपर्छ।

(ग) "व्यवसायिक बंगुर फार्म" भन्नाले आम्दानी तथा व्यवसायिक उत्पादनको उद्देश्यले प्रचलित कानूनबमोजिम बंगुर प्रजाति पालन गर्ने फार्म सम्झनुपर्छ।

(घ) "माउ बंगुर (Sow)" भन्नाले प्रजनन प्रयोजनका लागि राखिएको वयस्क पोथी बंगुर सम्झनुपर्छ।

(ङ) "प्रजननयोग्य बंगुर" भन्नाले प्रजननका लागि उपयुक्त उमेर तथा अवस्थामा रहेका भाले वा पोथी बंगुर सम्झनुपर्छ।

(च) "मासु बंगुर (Finisher)" भन्नाले मासु उत्पादनका लागि हुर्काइने बंगुर सम्झनुपर्छ।

(छ) "खोर" भन्नाले बंगुर राख्न निर्माण गरिएको पेन, स्टाई वा अन्य संरचना सम्झनुपर्छ।

(ज) "जैविक सुरक्षा (Biosecurity)" भन्नाले रोगजनक जीवाणु, भाइरस, परजीवी तथा अन्य रोगका कारकहरू फार्ममा प्रवेश गर्न वा फार्मबाट बाहिर फैलिन नदिन अपनाइने सम्पूर्ण व्यवस्थापन तथा सुरक्षा उपाय सम्झनुपर्छ।

(झ) "जैविक खाडल (Biological Pit)" भन्नाले मृत बंगुरको सुरक्षित व्यवस्थापनका लागि निर्माण गरिएको संरचना सम्झनुपर्छ।

(ञ) "फोहर प्रशोधन संरचना" भन्नाले फार्मबाट निस्कने मल, सोत्तर तथा फोहोर पानीको सुरक्षित प्रशोधन तथा व्यवस्थापनका लागि निर्माण गरिएको सेप्टिक ट्याङ्की, स्लरी पिट, कम्पोस्टिङ संरचना, बायोग्यास प्लान्ट वा अन्य स्वीकृत संरचना सम्झनुपर्छ।

(ट) "पशुपन्छी विकास शाखा" भन्नाले धुनिवेशी नगरपालिकाको पशुपन्छी विकास सम्बन्धी कार्य गर्ने शाखा सम्झनुपर्छ।

(ठ) "प्राविधिक" भन्नाले धुनिवेशी नगरपालिकाको पूर्वधार विकास शाखा मातहतका प्राविधिक कर्मचारी सम्झनुपर्छ।

परिच्छेद-३
व्यवसायिक बंगुर फार्म दर्ताका लागि आधारभूत मापदण्ड

४. स्थान तथा दूरी सम्बन्धी मापदण्डः

४.१ व्यवसायिक बंगुर फार्म स्थापना गर्दा देहायबमोजिमको न्यूनतम दूरी कायम गर्नुपर्नेछ :

क्र.सं.	दूरी कायम गर्नुपर्ने स्थान	न्यूनतम दूरी
१	राष्ट्रिय राजमार्ग तथा अन्य सार्वजनिक सडकबाट	कम्तीमा ५० मिटर
२	शैक्षिक संस्था, स्वास्थ्य संस्थाबाट	कम्तीमा ५०० मिटर
३	मठ, मन्दिरजन्य धार्मिक स्थलबाट	कम्तीमा १०० मिटर
४	फार्मको मुख्य प्रवेशद्वारदेखि नजिकको आवासीय घरबस्ती	कम्तीमा ३०० मिटर
५	फार्मको जग्गाको साँधबाट खोर/पक्की संरचना	कम्तीमा १० मिटर

६	फार्मको मुख्य प्रवेशद्वारबाट खोरसम्म	कम्तीमा १५ मिटर
७	जलश्रोत (खोला, खोल्सा, पानिको मुहान, कुवा आदि) देखि खोरसम्म	कम्तीमा ५० मिटर

४.२ उपदफा ४.१ मा उल्लेखित दूरी नाप्दा सम्बन्धित संरचनाको वास्तविक भौतिक दूरीलाई आधार मानिनेछ।

४.३ विशेष भौगोलिक अवस्था, घना बस्ती, सार्वजनिक स्वास्थ्य वा वातावरणीय जोखिम रहेको अवस्थामा नगरपालिकाले प्राविधिक अध्ययनका आधारमा थप दूरी कायम गर्न निर्देशन दिन सक्नेछ।

५. स्थान तथा वातावरणीय मापदण्डः

५.१ फार्म बाढी, पहिरो, डुबान तथा जलमग्न हुने सम्भावना न्यून भएको सुरक्षित स्थानमा स्थापना गर्नुपर्नेछ।

५.२ मानव बसोबास रहेको घरको आँगन, चौर वा आवासीय परिसरभित्र व्यवसायिक बंगुर फार्म सञ्चालन गर्न पाइने छैन।

५.३ फार्म परिसरमा पानी जम्ने पोखरी, खाल्डाखुल्डी वा अस्वच्छ पानी संकलन हुने स्थान हुनुहुँदैन।

५.४ फार्म सञ्चालनबाट छिमेकीको स्वास्थ्य, वातावरण तथा दैनिक जीवनमा अनावश्यक दुर्गन्ध, फोहोर, आवाज वा अन्य नकारात्मक असर पर्न नदिन आवश्यक उपाय अपनाउनुपर्नेछ।

परिच्छेद-४
फार्मको भौतिक पूर्वाधार

६. खोर तथा फार्म संरचनाः

६.१ खोरको संरचना बंगुरको उमेर, संख्या तथा उत्पादन प्रणालीअनुसार उपयुक्त हुनुपर्नेछ।

६.२ खोरको भुइँ सफा गर्न तथा निसंक्रमण गर्न सहज हुने किसिमको हुनुपर्नेछ।

६.३ खोरमा पर्याप्त हावा आवतजावत तथा प्राकृतिक/कृत्रिम प्रकाशको व्यवस्था हुनुपर्नेछ।

६.४ खोर तथा फार्म परिसरमा आवश्यक जाली/बार/पर्खालको व्यवस्था गरी अन्य पशु तथा अनधिकृत व्यक्तिको प्रवेश नियन्त्रण गर्नुपर्नेछ।

६.५ फार्मको नाम, ठेगाना, दर्ता नम्बर तथा अनधिकृत प्रवेश निषेध गरिएको सूचना मुख्य प्रवेशद्वारमा स्पष्ट रूपमा राख्नुपर्नेछ।

परिच्छेद-५
जैविक सुरक्षा तथा सरसफाइ

७. प्रवेश तथा निकास व्यवस्थाः

७.१ सम्भव भएसम्म फार्ममा प्रवेश र निकासका लागि छुट्टाछुट्टै गेटको व्यवस्था गर्नुपर्नेछ।

७.२ मुख्य प्रवेशद्वारमा नियन्त्रित प्रवेशको व्यवस्था गर्नुपर्नेछ।

७.३ मुख्य गेटमा **"अनुमति बिना प्रवेश निषेध"** भन्ने सूचना स्पष्ट रूपमा राख्नुपर्नेछ।

७.४ फार्ममा प्रवेश गर्ने व्यक्ति, कामदार तथा आगन्तुकको विवरण राख्न आगन्तुक पुस्तिका अनिवार्य रूपमा राख्नुपर्नेछ।

७.५ फार्मको प्रवेशद्वारमा प्रभावकारी फुटबाथ तथा आवश्यकतानुसार हात/जुत्ता निसंक्रमणको व्यवस्था गर्नुपर्नेछ।

७.६ फार्ममा प्रवेश गर्ने तथा बाहिर निस्कने सवारी साधनलाई उपयुक्त विधिबाट सफा तथा निसंक्रमण गर्नुपर्नेछ।

परिच्छेद-६

फोहोर तथा मल व्यवस्थापन

८. फोहोर व्यवस्थापनः

८.१ फार्मबाट निस्कने मल, सोत्तर, फोहोर पानी तथा अन्य जैविक फोहोरको सुरक्षित व्यवस्थापन गर्न उपयुक्त संरचना अनिवार्य रूपमा निर्माण गर्नुपर्नेछ।

८.२ फोहोर व्यवस्थापनका लागि सेप्टिक ट्याङ्की, स्लरी पिट, कम्पोस्टिङ, बायोग्यास वा अन्य वैज्ञानिक विधि प्रयोग गर्न सकिनेछ।

८.३ फोहोर प्रशोधन नगरी खुला स्थान, सडक, सार्वजनिक जग्गा, खोला, खोल्सा वा जलस्रोतमा फाल्न वा मिसाउन पाइने छैन।

८.४ मल तथा फोहोरबाट हुने दुर्गन्ध, झिँगा तथा अन्य रोगवाहक जीवको नियन्त्रण गर्न आवश्यक उपाय अपनाउनुपर्नेछ।

८.६ फोहोर व्यवस्थापनको अभिलेख आवश्यकतानुसार राख्नुपर्नेछ।

परिच्छेद-७

मृत तथा बिरामी बंगुर व्यवस्थापन

९. मृत बंगुर व्यवस्थापनः

९.१ मृत बंगुरलाई स्वस्थ बंगुरबाट तुरुन्त अलग गर्नुपर्नेछ।

९.२ मृत बंगुरलाई फार्म परिसरमा खुला रूपमा राख वा जथाभावी फाल्न पाइने छैन।

९.३ मृत बंगुरको सुरक्षित व्यवस्थापनका लागि **जैविक खाडल (Biological Pit)** वा प्रचलित मापदण्डअनुसारको अन्य स्वीकृत विधि प्रयोग गर्नुपर्नेछ।

९.४ जैविक खाडल मुख्य खोरबाट कम्तीमा १० मिटर टाढा र सुरक्षित स्थानमा हुनुपर्नेछ।

९.५ संक्रामक रोगको शंका भएको अवस्थामा मृत बंगुरको व्यवस्थापन गर्दा सम्बन्धित पशु स्वास्थ्य प्राविधिकको निर्देशन पालना गर्नुपर्नेछ।

१०. बिरामी बंगुर व्यवस्थापनः

१०.१ बिरामी वा रोगको शंका भएका बंगुरलाई स्वस्थ बंगुरबाट तुरुन्त अलग राख्नुपर्नेछ।

१०.२ संक्रामक रोगको शंका भएमा नगरपालिकाको सम्बन्धित पशु स्वास्थ्य प्राविधिकलाई तत्काल सूचना दिनुपर्नेछ।

१०.३ रोगको अवस्था अनुसार बंगुरको आवतजावत, बिक्री तथा ढुवानीमा नगरपालिकाले आवश्यक नियन्त्रण वा रोक लगाउन सक्नेछ।

परिच्छेद-८

पशु स्वास्थ्य तथा उत्पादन व्यवस्थापन

११. बंगुर खरिद तथा प्रवेशः

११.१ बंगुर रोगमुक्त तथा स्वास्थ्य अवस्था प्रमाणित भएको फार्म/स्रोतबाट मात्र ल्याउनुपर्नेछ र खरिद बिक्रि गर्दा पशु चिकित्सकबाट Animal Health Certificate अनिवार्य जारि गरिएको हुनुपर्नेछ।

११.२ सम्भव भएसम्म नयाँ ल्याइएका बंगुरलाई मुख्य बथानमा मिसाउनु अघि अलग राखी स्वास्थ्य परीक्षण तथा आवश्यक क्वारेन्टाइनको व्यवस्था गर्नुपर्नेछ।

११.३ बंगुरको खरिद, स्रोत, संख्या, मिति तथा स्वास्थ्य अवस्थाको अभिलेख राख्नुपर्नेछ।

परिच्छेद-९
निषेधित कार्य

१२. निषेधित कार्यः

फार्म परिसरभित्र देहायका कार्य गर्न पाइने छैन :

(क) पशु वध गर्ने,

(ख) मासु काट्ने वा प्रशोधन गर्ने,

(ग) प्रशोधन नगरिएको मल तथा फोहोर सार्वजनिक स्थानमा फाल्ने,

(घ) प्रशोधन नगरिएको फोहोर पानी खोला, खोल्सा वा जलस्रोतमा मिसाउने,

(ङ) अनुमति बिना बाहिरी व्यक्तिलाई फार्ममा प्रवेश गराउने,

(च) रोग लागेको वा रोगको शंका भएको बंगुरलाई स्वस्थ बंगुरसँग मिसाउने,

(छ) नगरपालिकाबाट जारी रोग नियन्त्रणसम्बन्धी निर्देशनको अवज्ञा गर्ने,

(ज) मानव स्वास्थ्य, पशु स्वास्थ्य वा वातावरणमा गम्भीर जोखिम सिर्जना हुने गरी फार्म सञ्चालन गर्ने।

परिच्छेद-१०
दर्ता प्रक्रिया

१३. व्यवसायिक बंगुर फार्म दर्ता गर्नुपर्नेः

१३.१ धुनिवेशी नगरपालिका क्षेत्रभित्र व्यवसायिक रूपमा बंगुर पालन गर्ने प्रत्येक फार्मले नगरपालिकामा दर्ता हुनुपर्नेछ।

१३.२ नयाँ फार्म स्थापना गर्न चाहने व्यक्तिले फार्म सञ्चालन गर्नुअघि आवश्यक अनुमति/सिफारिस तथा दर्ता प्रक्रिया पूरा गर्नुपर्नेछ।

१४. दर्ताका लागि पेश गर्नुपर्ने कागजात

दर्ताको निवेदनसँग देहायका कागजात पेश गर्नुपर्नेछ :

(क) फार्म सञ्चालकको नाम, ठेगाना तथा सम्पर्क विवरणसहितको निवेदन।

(ख) फार्म सञ्चालनको प्रस्ताव तथा उत्पादन प्रक्रियाको विवरण।

(ग) सञ्चालक/उत्तरदायी व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(घ) फार्म भवन तथा खोरको डिजाइन/लेआउट।

(ङ) फार्मको क्षेत्रफल, खोरको संख्या तथा क्षमता विवरण।

(च) मापदण्डअनुसारको दूरी प्रमाणित हुने कागजात। (ईन्जिनियर/प्राविधिकले प्रमाणित गरेको नक्सा)

(छ) छिमेकी/ सधिँयारसँग गरिएको स्थलगत मुचुल्का

(ज) फोहोर व्यवस्थापन संरचनाको डिजाइन तथा क्षमता विवरण।

(झ) सम्बन्धित वडा कार्यालयको सिफारिस।

(ञ) प्रचलित कानूनबमोजिम आवश्यक अन्य कागजात।

परिच्छेद-११
दर्ता शुल्क तथा नवीकरण

१५. दर्ता शुल्कः

दर्ता शुल्क नगरपालिकाको प्रचलित आर्थिक ऐनले तोकेबमोजिम हुनेछ।

१६. दर्ता प्रमाणपत्रः

१६.१ मापदण्ड पूरा भएको तथा आवश्यक कागजात प्राप्त भएको अवस्थामा नगरपालिकाले व्यवसायिक बंगुर फार्मको दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

१७. नवीकरणः

१७.१ फार्मको दर्ता प्रत्येक आर्थिक वर्षमा नगरपालिकाको प्रचलित आर्थिक ऐन तथा सम्बन्धित कानूनबमोजिम नवीकरण गर्नुपर्नेछ।

१७.२ नवीकरणका क्रममा आवश्यकताअनुसार स्थलगत निरीक्षण गर्न सकिनेछ।

१७.३ मापदण्डको गम्भीर उल्लङ्घन भएको अवस्थामा नवीकरण रोक्का गर्न सकिनेछ।

परिच्छेद-१२
विद्यमान फार्मका लागि संक्रमणकालीन व्यवस्था

१८. पुराना फार्मको दर्ताः

१८.१ यो मापदण्ड लागू हुनुभन्दा अगाडि सञ्चालनमा रहेका व्यवसायिक बंगुर फार्मले यो मापदण्ड लागू भएको मितिले ३० दिन वा सो सम्बन्धी सुचना प्रकाशन भएको ३० दिन भित्र नगरपालिकामा निवेदन दिनुपर्ने छ।

१८.२ मानव स्वास्थ्य, पशु स्वास्थ्य वा वातावरणमा गम्भीर जोखिम उत्पन्न गर्ने अवस्थालाई संक्रमणकालीन सुविधा दिइने छैन।

१८.३ ३० दिनभित्र निवेदन नदिने फार्मलाई नगरपालिकाले सार्वजनिक सूचना तथा व्यक्तिगत सूचना जारी गरी बढीमा **१५ दिनसम्मको थप समय** प्रदान गर्न सक्नेछ।

१८.४ थप समयभित्र पनि दर्ता प्रक्रिया पूरा नगर्ने फार्मलाई प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

परिच्छेद-१३
अनुगमन तथा निरीक्षण

१९. अनुगमन तथा निरीक्षण

१९.१ नगरपालिकाले आवश्यकता अनुसार देहायको बङ्गुर फार्म निरिक्षण समितिको नेतृत्वमा अनुगमन तथा निरिक्षण गर्नेछ।

संयोजकः सम्बन्धित वडाका वडा अध्यक्ष

सदस्यः प्रमुख,पशुपन्छी विकास शाखा वा निजले तोकेको प्राविधिक कर्मचारी

सदस्यः प्रमुख, राजस्व शाखा वा निजले तोकेको शाखाको कर्मचारी

सदस्यः प्रमुख, नगर प्रहरी शाखा वा निजले तोकेको शाखाको कर्मचारी

सदस्यः बस्ती विकास भवन तथा आर्कीटेक उपशाखा वा निजले तोकेको शाखाको कर्मचारी/प्राविधिक

१९.२ निरीक्षण गर्दा यस मापदण्डको **अनुसूची-१ बमोजिमको फार्म निरीक्षण चेकलिस्ट** प्रयोग गरिनेछ।

१९.३ फार्म सञ्चालकले निरीक्षण टोलीलाई आवश्यक सूचना, अभिलेख तथा फार्मको संरचना निरीक्षणका लागि उपलब्ध गराउनुपर्नेछ।

१९.४ निरीक्षणमा गम्भीर कमजोरी देखिएमा सुधार गर्न लिखित निर्देशन दिन सकिनेछ।

१९.५ रोगको प्रकोप वा सार्वजनिक स्वास्थ्य/वातावरणीय जोखिमको अवस्था देखिएमा जुनसुकै समयमा विशेष निरीक्षण गर्न सकिनेछ।

परिच्छेद-१४
अभिलेख व्यवस्थापन

२०. फार्मले राख्नुपर्ने अभिलेख

प्रत्येक व्यवसायिक बंगुर फार्मले कम्तीमा देहायका अभिलेख राख्नुपर्नेछ :

(क) बंगुरको संख्या तथा उमेर समूह,

(ख) बंगुर खरिद तथा बिक्री विवरण (ढुवानी गर्दा Veterinary Health Certificate समेत),

(ग) मृत्यु तथा बिरामी बंगुरको विवरण,

(घ) खोप अभिलेख,

(ङ) औषधि तथा उपचार अभिलेख,

(च) रोगसम्बन्धी सूचना तथा उपचार विवरण,

(छ) दाना खरिद तथा प्रयोग विवरण,

(ज) आगन्तुक पुस्तिका,

(झ) सवारी साधन निसंक्रमण अभिलेख,

(ञ) फार्म सरसफाइ तथा निसंक्रमण अभिलेख,

(ट) मृत बंगुर व्यवस्थापन अभिलेख,

(ठ) फोहोर व्यवस्थापनसम्बन्धी अभिलेख, र

(ड) नगरपालिकाले तोकेका अन्य अभिलेख।

परिच्छेद-१५
मापदण्ड उल्लङ्घन तथा कारबाही

२१. कारबाहीको प्रक्रिया

२१.१ यस मापदण्ड उल्लङ्घन भएको जानकारी / उजुरी प्राप्त भएमा दफा १९.१ बमोजिम गठित निरिक्षण समितिले निरिक्षण गरि प्रकृति तथा गम्भीरताका आधारमा सुधार गर्न लिखित निर्देशन तथा आवश्यक भएमा नगरपालिकाले कारण देखाउ सूचना जारी गर्न सक्नेछ।

२१.२ सामान्य प्रकृतिको कमजोरी भएमा सुधारका लागि बढीमा **३० दिनसम्मको समय** प्रदान गर्न सकिनेछ।

२१.३ सार्वजनिक स्वास्थ्य, पशु स्वास्थ्य वा वातावरणमा तत्काल जोखिम उत्पन्न गर्ने अवस्था भएमा नगरपालिकालाई तत्काल सुधारात्मक/नियन्त्रणात्मक कदम चाल्न सकिनेछ।

२१.४ तोकिएको समयमा सुधार नगरेमा वा पटक-पटक मापदण्ड उल्लङ्घन गरेमा दर्ता खारेज, रोक्का, नवीकरण रोक्का वा फार्म सञ्चालनमा रोक लगाउन सकिनेछ।

२१.५ गम्भीर वातावरणीय क्षति, संक्रामक रोग फैलावट वा सार्वजनिक स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न हुने कार्य भएमा प्रचलित कानूनबमोजिम थप कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ।

२१.६ दर्ता नगरी व्यवसायिक बंगुर फार्म सञ्चालन गर्ने फार्मलाई प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

२१.७ दर्ता नभएका वा गम्भीर रूपमा मापदण्ड उल्लङ्घन गर्ने फार्मलाई नगरपालिकाबाट उपलब्ध हुने अनुदान, प्रोत्साहन तथा अन्य कार्यक्रमगत सुविधा प्रदान गर्दा प्रचलित कानूनबमोजिम अयोग्य ठहर गर्न सकिनेछ।

परिच्छेद-१६
पुनरावेदन

२२. पुनरावेदन

२२.१ यस मापदण्ड बमोजिम गरिएको निर्णयबाट असन्तुष्ट फार्म सञ्चालकले निर्णयको जानकारी प्राप्त गरेको मितिले **३५ दिनभित्र** प्रचलित कानूनबमोजिम नगरपालिकामा पुनरावेदन गर्न सक्नेछ।

२२.२ पुनरावेदनको प्रक्रिया तथा निर्णय नगरपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेद-१७
विविध

२३. प्रचलित कानून लागू हुने

यस मापदण्डमा उल्लेख नभएका विषयमा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून लागू हुनेछ।

२३. अन्य कानूनसँग बाझिएमा

यस मापदण्डको कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

२४. मापदण्ड संशोधन

नगरपालिकाले आवश्यकता, प्राविधिक विकास, रोगको जोखिम, वातावरणीय अवस्था तथा प्रचलित कानूनमा भएको परिवर्तनका आधारमा यो मापदण्ड संशोधन गर्न सक्नेछ।

२५. व्याख्या गर्ने अधिकार

यस मापदण्डको कार्यान्वयनका क्रममा कुनै विषयमा द्विविधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाले आवश्यक व्याख्या गर्न सक्नेछ।

अनुसूची-१
व्यवसायिक बंगुर फार्म निरीक्षण चेकलिस्ट

क. सामान्य विवरण

फार्मको नामः .....

सञ्चालकको नामः .....

ठेगानाः वडा नं. ....., धुनिवेशी नगरपालिका, **GPS Coordinates**:.....

सम्पर्क नं.: .....

निरीक्षण मितिः .....

फार्मको प्रकारः

☐ प्रजनन फार्म

☐ मासु उत्पादन फार्म

☐ मिश्रित फार्म

हालको बंगुर संख्याः .....

क्षमताः .....

ख. भौतिक तथा स्थानसम्बन्धी अवस्था

क्र.सं.	निरीक्षण विषय	अवस्था	कैफियत
१	मठ मन्दिर, शैक्षिक संस्था, स्वास्थ्य संस्थाबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
२	मुख्य सडकबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
३	आवासीय घर बस्तीबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
४	जग्गाको साँधबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
५	मुख्य गेट देखि खोरको दूरी	☐ पूरा ☐ अपूरो	
६	जलश्रोत देखिको दुरी (खोला, खोल्सा, कुवा, मुल आदि)	☐ पूरा ☐ अपूरो	
७	बाढी/पहिरो/डुबानको जोखिम	☐ छैन ☐ छ	
८	फार्ममा पानी जम्ने अवस्था	☐ छैन ☐ छ	
९	फार्म परिसर सफा/झाडीमुक्त	☐ छ ☐ छैन	

ग. जैविक सुरक्षा

क्र.सं.	निरीक्षण विषय	अवस्था	कैफियत
१०	नियन्त्रित मुख्य प्रवेशद्वार	☐ छ ☐ छैन	
११	अनधिकृत प्रवेश निषेध सूचना	☐ छ ☐ छैन	
१२	फुटबाथ	☐ छ ☐ छैन	
१३	सवारी साधन निसंक्रमण व्यवस्था	☐ छ ☐ छैन	
१४	आगन्तुक पुस्तिका	☐ छ ☐ छैन	
१५	कपडा/जुत्ता परिवर्तन गर्ने स्थान	☐ छ ☐ छैन	
१६	हात धुने स्थान	☐ छ ☐ छैन	
१७	Pest/Rodent Control	☐ छ ☐ छैन	

१८	अन्य पशुपन्छीको प्रवेश नियन्त्रण	□ छ □ छैन	

घ. खोर तथा उत्पादन व्यवस्थापन

क्र.सं.	निरीक्षण विषय	अवस्था	कैफियत
१९	खोरको संरचना उपयुक्त	□ छ □ छैन	
२०	पर्याप्त हावा आवतजावत	□ छ □ छैन	
२१	पर्याप्त प्रकाश	□ छ □ छैन	
२२	सफा तथा सुरक्षित खानेपानी	□ छ □ छैन	
२३	उमेरअनुसार समूह व्यवस्थापन	□ छ □ छैन	
२४	एक लट हटाएपछि सफाइ/निसंक्रमण	□ हुन्छ □ हुँदैन	
२५	दाना भण्डारण सुरक्षित	□ छ □ छैन	
२६	दाना अभिलेख	□ छ □ छैन	

ङ. फोहोर तथा मृत बंगुर व्यवस्थापन

क्र.सं.	निरीक्षण विषय	अवस्था	कैफियत
२७	मल/सोत्तर व्यवस्थापन संरचना	□ छ □ छैन	
२८	फोहोर पानी निकास व्यवस्था	□ छ □ छैन	
२९	फोहोर प्रशोधन व्यवस्था	□ छ □ छैन	
३०	खुला स्थानमा फोहोर फाल्ने गरेको	□ छैन □ छ	
३१	खोला/खोल्सामा फोहोर मिसाउने गरेको	□ छैन □ छ	
३२	जैविक खाडल/स्वीकृत मृत व्यवस्थापन	□ छ □ छैन	
३३	जैविक खाडल मुख्य खोरबाट १० मिटर टाढा	□ छ □ छैन	
३४	मृत बंगुरको अभिलेख	□ छ □ छैन	

च. पशु स्वास्थ्य

क्र.सं.	निरीक्षण विषय	अवस्था	कैफियत
३५	रोगमुक्त स्रोतबाट बंगुर ल्याउने	□ हुन्छ □ हुँदैन	
३६	स्वास्थ्य प्रमाणपत्र/स्रोत अभिलेख	□ छ □ छैन	
३७	बिरामी बंगुर अलग राख्ने व्यवस्था	□ छ □ छैन	
३८	रोगसम्बन्धी सूचना दिने व्यवस्था	□ छ □ छैन	
३९	खोप अभिलेख	□ छ □ छैन	
४०	औषधि तथा उपचार अभिलेख	□ छ □ छैन	

छ. अभिलेख तथा दर्ता

क्र.सं.	निरीक्षण विषय	अवस्था	कैफियत
४१	फार्म दर्ता प्रमाणपत्र	□ छ □ छैन	
४२	दर्ता नवीकरण	□ भएको □ नभएको	

४३	बंगुर संख्या अभिलेख	□ छ □ छैन	
४४	खरिद/बिक्री अभिलेख	□ छ □ छैन	
४५	मृत्यु/बिरामी अभिलेख	□ छ □ छैन	
४६	खोप अभिलेख	□ छ □ छैन	
४७	औषधि/उपचार अभिलेख	□ छ □ छैन	
४८	आगन्तुक पुस्तिका	□ छ □ छैन	

निरीक्षण टोलीको निष्कर्ष

फार्मको अवस्था :

□ मापदण्ड पूरा गरेको

□ सामान्य सुधार आवश्यक

□ सुधार गरी पुनः निरीक्षण गर्नुपर्ने

□ मापदण्ड पूरा नगरेको

□ तत्काल सुधारात्मक कारबाही आवश्यक

प्राविधिक सुझाव/निर्देशन :

.....

.....

.....

सुधार पूरा गर्नुपर्ने अन्तिम मिति : .....

फार्म सञ्चालकको नामः .....

हस्ताक्षरः .....

मितिः .....

निरीक्षण टोली

क्र.सं.	नामथर	पद	हस्ताक्षर
१			
२			
३			
४			
५			

अनुसूची-२
व्यवसायिक बंगुर फार्म दर्ता निवेदनको ढाँचा

मिति : .....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
धुनिवेशी नगरपालिका
जुगेडी, धादिङ।

विषय : व्यवसायिक बंगुर फार्म दर्ता गरिपाऊँ।

महोदय,

म/हामीले यस नगरपालिकाको **"व्यवसायिक बंगुर फार्म दर्ता तथा सञ्चालन मापदण्ड, २०८३"** बमोजिम देहायको स्थानमा व्यवसायिक बंगुर फार्म सञ्चालन गर्न लागेको हुँदा मापदण्डमा उल्लेखित व्यवस्था पालना गर्ने प्रतिबद्धता सहित आवश्यक कागजात संलग्न राखि फार्म दर्ताका लागि यो निवेदन पेश गरेको/गरेका छु/छौं।

फार्मको नाम : .....
सञ्चालकको नाम : .....
ठेगाना : .....
सम्पर्क नं. : .....
फार्मको प्रकार : .....

प्रस्तावित क्षमता : .....
फार्म रहेको वडा : .....
GPS Coordinates: .....
जग्गाको क्षेत्रफल : .....
खोर संख्या : .....

<u>संलग्न कागजात</u>

☐ नागरिकता प्रमाणपत्रको प्रतिलिपि
☐ फार्म सञ्चालन प्रस्ताव (फोहोर व्यवस्थापन विधि सहित), जग्गा धनी पुर्जा तथा जग्गा बहाल सम्झौता
☐ फार्मको नक्सा/लेआउट
☐ दूरी प्रमाणित हुने कागजात (अनुसूची ०३ बमोजिम प्राविधिक प्रतिवेदन)
☐ फोहोर व्यवस्थापन संरचनाको विवरण
☐ वडा कार्यालयको सिफारिस (वडा कार्यालयमा दर्ता हुन आवश्यक नपर्ने)
☐ सधिँयारको सहमति/मुचुल्का
☐ अन्य कागजात (आवश्यकता अनुसार माग भए बमोजिम)

हस्ताक्षर : .....
निवेदकको नामथर : .....
सम्पर्क नं. : .....

अनुसूची-३
प्राविधिकको फार्म दर्ता पूर्व अनुगमन प्रतिवेदनको ढाँचा

मिति : .....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
धुनिवेशी नगरपालिका
जुगेडी, धादिङ ।

विषय : स्थलगत अनुगमन प्रतिवेदन सम्बन्धमा ।

यस कार्यालयमा श्री.....बाट बंगुर फार्म दर्ताको लागि पेश भएको निवेदनको सम्बन्धमा फार्म सञ्चालनका लागि प्रस्तावित स्थान तथा संरचनाले धुनिवेशी नगरपालिकाको **"व्यवसायिक बंगुर फार्म दर्ता तथा सञ्चालन मापदण्ड, २०८३"** अनुसार छ /छैन भनी स्थलगत निरिक्षण तथा अनुगमनको क्रममा देहायबमोजिमको अवस्था देखियो ।

प्रस्तावित सञ्चालकको नाम थरः..... प्रस्तावित फार्मको नामः.....

ठेगानाः..... वडा नं. ..... सम्पर्क नं. .....

फार्म सञ्चालन गर्ने प्रस्तावित स्थानः ..... GPS Coordinates: .....

फार्मको उद्धेश्यः ..... प्रस्तावित बंगुर संख्याः.....

क्र.सं.	**निरीक्षण विषय**	**अवस्था**	**कैफियत**
१	मठ मन्दिर, शैक्षिक संस्था, स्वास्थ्य संस्थाबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
२	मुख्य सडकबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
३	आवासीय घर बस्तीबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
४	जग्गाको साँधबाट आवश्यक दूरी	☐ पूरा ☐ अपूरो	
५	मुख्य गेट देखि खोरको दूरी	☐ पूरा ☐ अपूरो	
६	जलश्रोत देखिको दुरी (खोला, खोल्सा, कुवा, मुल आदि)	☐ पूरा ☐ अपूरो	
७	बाढी/पहिरो/डुबानको जोखिम	☐ छैन ☐ छ	
८	फार्ममा पानी जम्ने अवस्था	☐ छैन ☐ छ	
९	फार्म परिसर सफा/झाडीमुक्त	☐ छ ☐ छैन	
१०	जैविक खाडल (क्षमता.....)	☐ छ ☐ छैन	
११	सेप्टिक ट्याङ्की (क्षमता.....)	☐ छ ☐ छैन	
१२	फोहोर प्रशोधनको संरचना	☐ छ ☐ छैन	

निष्कर्षः प्रस्तावित बंगुर फार्मको स्थलगत अनुगमनबाट प्राप्त तथ्य तथा अवस्थाका आधारमा माथी उल्लेखित विवरणसहित यो दर्ता पूर्व अनुमान गरि प्राविधिक निरिक्षण प्रतिवेदन सहित राय श्रीमान् समक्ष पेश गरेको छु ।

रायः.....

.....

प्रस्तावित फार्म सञ्चालकः
दस्तखतः
नामथरः
पदः

अनुगमन गर्ने प्राविधिकः
दस्तखतः
नामथरः
पदः